आज मिति २०७७ फाल्गुण ०४ गते यस चौरजहारी नगर पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको प्रधानाध्यापक बैठकमा तपसिल बमोजिको उपस्थितिमा निम्न बमोजिमका निर्णय हरू पारित गरियो।

उपस्थिति

१. श्री राम बहादुर के०सी० – प्रमुख प्रशासकीय अधिकृत
२. श्री रिखाजंग ओली – प्राविधिक सहायक
३. श्री लाल बहादुर घर्ती प्र.अ. (श्री कालिका मा.वि. लेयाँटा) चौ.न.पा. ८
४ श्री दिलबहादुर ओली – स.प्र.अ. (शीतल मा० वि० चौरजहारी)
५. श्री बलमति बली – प्र.अ. (श्री जनकल्याण मा.वि. जोगीनेटा)
६. रिप बहादुर घर्ती – प्र.अ. (श्री ज्ञानज्योति मा.वि. माथिल्लोकोट)
(६) यज्ञ बहादुर ओली (प्र.अ.) श्री बालहित मा०वि० साक्याखेत
७) श्री भुपालाल शर्मा श्री जनकल्याण मा०वि० सानखोला
८ श्री दिपक शर्मा श्री जनकल्याण आ०वि० रातामाटा
९, श्री इन्द्रलाल शर्मा " ——— " " लामाडाँडा
१०, उमाकान्त शर्मा श्री जनता आ०वि० सिमचौर चौ.न.पा. १२
११. ललित बहादुर बिष्ट श्री जनता आ० वि० बिचकटिया चौ.न.पा. १५
१२. दिलाराम शर्मा श्री सरस्वती मा० वि० घरेलीचौर चौ.न.पा. १२
१३. शिवलाल बली श्री बालकल्याण आ०वि० मुलडाँडा चौ.न.पा. ११ कुकुम पश्चिम
१४. दिल बहादुर ओली श्री बालज्योति आ०वि० नारुला चौ.न.पा. १२ कुकुम पश्चिम
१५. गणेशकुमार बिष्ट श्री जनचेतना मा०वि० लिमिलेदोखरी चौ.न.पा. १४
१६. टेकम बोहरा श्री जनकल्याण मा०वि० खाराल चौरजहारी न.पा – ६
१७. मोतिलाल परियार श्री मा० वि० खहरे चौरजहारी न०पा० ५ कुकुम
१८ – भुपेन्द्र सुनार श्री आधारभूत विद्यालय चौ. न०पा. ४ मल्लाट
१९ – मुक्ति प्रसाद शर्मा श्री गडिदेउराली आ. वि लेमनाजी चौ.न.पा ६ कुकुम
२० – अमृत कुमार बोहरा श्री कालिका आ. वि गोहरी चौ.न.पा-८ कुकुम
२१ – बलबहादुर के०सी० श्री ऐश्वर्य आधारभूत विद्यालय चौ.न.पा० १० खोलागाँड
२२ – नवराज ब्योपाने श्री ज्ञानकुञ्ज आ०वि० कालापाधर चौ.न.पा. ६ कुकुम पश्चिम
२३ – टोपबहादुर के.सी. – श्री जनज्योति आ०वि० स्यालखोला चौ.न.पा. ३ "
२४ कृष्ण ब० ओली श्री जनचेतना आ.वि जुमलीपोखरी
२५ – रिम बहादुर बुढा श्री जनज्योति आ०वि० मुलपानि खाराल चौ.न.पा. १
२६ दिपक देवकोटा श्री जनआस्था आ०वि पुरानापानी चौ.न.पा १२
२७ सुगन्धा मल्ल श्री आधारभूत विद्यालय भुवाटाकुरा चौ.न.पा. ९ कुकुम

DATE:

29 कविता परियार बिधा ज्योति बालबिकास केन्द्र साकचा टो

30. भीम बहादुर ओली हिमालय मा.वि. लेलागाँउ हुकुम

31 डण्डवीर ओली श्री आ.वि. मानकोट चौ.न.पा.१० हुकुम

32 हिमानि नेपाली श्री विजयश्वरी आ.वि. चौ.न.पा. २

33 नन्दलाल के.सी. श्री आ.वि. लहरीसिल चौ.न.पा.५

34 राम बहादुर के.सी. श्री आ.वि. घाटकोडा चौ.न.पा. ६

35 सूर्य बहादुर चन्द श्री आ.वि. नाग्री चौ.न.पा. ५ हुकुम

36 रमेश कुमार महत श्री मा.वि. कोटजहारी चौ.न.पा.

37 रुद्रलाल जैसी आ.वि. नारविरा चौरजहारी न.पा.

38 परशुराम लामिछाने जनप्रेम अभिके ,, ,,

39 चन्द्रा राना (डोंगी) श्री बालकल्याण बालविकाश केन्द्र चौ.न.पा.१०

40 कमला आचार्य श्री बालकल्याण बालविकाश केन्द्र चौ.न.पा.१०

41 सुनिता पुन श्री बालहित आधारभूत विद्यालय चौ.न.पा. १४ नाउली

मिति २०७७/११/०४ गतेको प्र.अ. बैठकका प्रस्ताव तथा निर्णयहरु

(क) प्रस्तावहरु

१. यसअघि सम्पादित कार्यहरु एवम् यसअघिका निर्णयहरुको कार्यान्वयनको अवस्था समिक्षा गर्ने सम्बन्धमा ।

२. दिवा खाजा कार्यक्रमको कार्यान्वयनको अवस्था सम्बन्धमा ।

३. सेनिटरी प्याड, कापी, दिवा खाजाको लागि उपलब्ध गराईएका भाँडाकुँडाको अभिलेखांकन तथा वितरण एवम् व्यवस्थापन सम्बन्धमा ।

४. स्थानीय पाठ्यक्रमसँग सम्बन्धित पाठ्यपुस्तक तयार पार्ने सम्बन्धमा ।

५. शिक्षक कर्मचारीहरुको अनियमितता सम्बन्धमा ।

६. आर्थिक वर्ष २०७६/०७७ को आर्थिक कारोवारको अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमाथि छलफल तथा बेरुजु फछ्र्यौट सम्बन्धमा ।

७. राष्ट्रपति रनिङ शिल्ड तथा नगर प्रमुख कप सञ्चालन सम्बन्धमा ।

८. विविध

(ख) निर्णयहरु

१. यसअघि सम्पादित कार्यहरु एवम् यसअघिका निर्णयहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा समिक्षा गरियो । केही विद्यालयहरुमा कार्यरत प्र.अ. एवम् शिक्षकहरुले निर्णय कार्यान्वयनमा बेवास्ता गरेको, कार्यसम्पादन करार सम्झौता विपरित आचरण र व्यवहार प्रदर्शन गरेको एवम् जिम्मेवारी वहनमा बेवास्ता गरेको देखिएकोले अब उप्रान्त त्यस्ता गतिविधिहरु नदोहोऱ्याउन एवम् जिम्मेवारीप्रति इमान्दार र वफादार रहन निर्देशन दिने ।

२. आ.व. २०७७/०७८ देखि स्वीकृत दिवा खाजा कार्यक्रम अन्तर्गत कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुलाई रु. १५।- बराबरको सूक्ष्म तथा वृहत पोषक तत्व समावेश भएको खाजा उपलब्ध गराउन मिति २०७७/०९/०४ गतेको प्र.अ. बैठकको निर्णय एवम् कार्यक्रम कार्यान्वयन पुस्तिका -२०७७/०७८ मा उल्लेखित प्रावधान अनुसार सम्बन्धित विद्यालयहरुलाई जिम्मा दिईएकोमा सोको कार्यान्वयनको अवस्थाको सम्बन्धमा छलफल गरियो । छलफलको क्रममा दिवा खाजा कार्यक्रमलाई फलदायि तुल्याउन देहाय बमोजिमका थप कार्यहरु गर्ने तथा गराउने :-

(क) केही विद्यालयहरुले अझैं दिवा खाजा कार्यक्रम कार्यान्वयनमा गर्न सुरु नगरेको अनुगमनको क्रममा देखिएकोले मिति २०७७/०९/०४ गतेको प्र.अ. बैठकको निर्णय एवम् मिति २०७७/०९/०५ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार तुरुन्त कार्यक्रम सुरु गर्न निर्देशन दिने ।

(ख) दिवा खाजा कार्यक्रम सुरु गरेका विद्यालयहरुले समेत मापदण्ड अनुसारको दिवा खाजा उपलब्ध नगराएको, केटरिङ विधि अन्तर्गत तेस्रो पक्षलाई खाजा तयार गर्ने, वितरण गर्ने र व्यवस्थापन गर्ने लगायतको जिम्मेवारी दिइएकोमा खानाको गुणस्तर र परिमाण अपेक्षित नरहेको जस्ता जनगुनासाहरु आएकोले नगरपालिकाबाट प्रेषित दिवा खाजा कार्यक्रम सम्बन्धी सूचना, मिति २०७७/०९/०४ गतेको प्र.अ. बैठकको निर्णय, कार्यक्रम

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

कार्यान्वयन पुस्तिका -२०७७/०७८ र दिवा खाजा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसारको सूक्ष्म तथा वृहत पोषक तत्व सम्मिलित मेनुमा उल्लेख भए अनुसारको परिकारमात्र खुवाउने व्यवस्था सम्बन्धित विद्यालयले तुरुन्त मिलाउने ।

(ग) दिवा खाजा कार्यक्रमको लागि नगरपालिकाबाट उपलब्ध गराईएको अनुदान, विद्यालय स्वयम्ले खाजा व्यवस्थापन गरेको खण्डमा आवश्यक पर्ने भाडाँकुडाँ र अन्य व्यवस्थापकीय सामग्रीहरुको पूर्ण सदुपयोगको व्यवस्था सम्बन्धित विद्यालयले नै मिलाउने । दिवा खाजा खाएका बालबालिकाहरुको दैनिक अभिलेख राख्ने र मासिक रुपमा एकीकृत विवरण बनाई नगरपालिकामा पेश गर्ने ।

(घ) खानेपानी, शौचालय, भान्साकोठा र भान्साकोठामा काम गर्ने कर्मचारी एवम् भाडाँकुडाँहरुको सरसफाईको मापदण्ड सम्बन्धित विद्यालयले पूर्ण कार्यान्वयन गर्ने तथा गराउने ।

(ङ) माथि उल्लेखित कार्य भए/नभएको सम्बन्धमा शिक्षा, यूवा तथा खेलकूद शाखाले नियमित एवम् छड्के अनुगमन गरी नगरपालिकामा मासिक रुपमा प्रतिवेदन गर्ने ।

३. सामुदायिक विद्यालयहरुलाई उपलब्ध गराईएको सेनिटरी प्याड, कापी, दिवा खाजाको लागि उपलब्ध गराइएका भाडाँकुडाँको अभिलेखांकन, वितरण एवम् व्यवस्थापनको सम्बन्धमा छलफल गरियो । विद्यालयहरुमा खप्ने तथा नखप्ने जिन्सी मालसामानको अभिलेख दुरुस्त नरहेको पाईएको हुँदा विद्यालयहरुलाई प्राप्त हुने एवम् विद्यालयमा रहेका चल/अचल सम्पत्ती एवम् जिन्सी मालसामानको व्यवस्थित अभिलेख तोकिएको ढाँचामा तयार गरी राख्ने व्यवस्था मिलाई सार्वजनिक सम्पत्तीको सदुपयोग, संरक्षण र संवर्द्धन गर्ने व्यवस्था मिलाउने ।

४. यस नगरपालिकामा शैक्षिक शत्र, २०७७ देखि स्थानीय पाठ्यक्रम लागू भईसकेको सन्दर्भमा सोको लागि पाठ्यपुस्तक विकास गर्नुपर्ने भएकोले शैक्षिक शत्र, २०७८ देखि कार्यान्वयन हुने गरी श्री हिमालय माध्यमिक विद्यालयका प्र.अ. श्री भीमबहादुर ओलीको संयोजकत्वमा रहेको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण समितिले आवश्यक कार्य गरी पाठ्यपुस्तक समेत निर्माण गरी नगरपालिकामा जतिसक्यो छिटो पेश गर्ने । यसको लागि नगरपालिकाले आवश्यक बजेट समेत व्यवस्था गर्ने ।

५. केही विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरु विद्यालयमा नियमित उपस्थित नहुने, प्र.अ. ले दिएका निर्देशनहरुको पालना, अनुशासन र पदीय आचारणभित्र नबस्ने एवम् मादकपदार्थको सेवन गरी होहल्ला गर्ने लगायतका गतिविधिहरुमा संलग्न रहेको पाईएको हुँदा सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरुले आफ्नो मातहतका शिक्षक कर्मचारीहरुको आचरण पालना सम्बन्धमा नियमन गरी नगरपालिकामा नियमित रुपमा प्रतिवेदन गर्ने । पदीय आचरण र दायित्व विपरितका कार्यहरु गर्ने प्र.अ. शिक्षक तथा कर्मचारीहरुलाई कडाईपूर्वक कानूनी कारवाही हुने ।

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

६. आर्थिक वर्ष २०७६/०७७ को आर्थिक कारोवारको अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरियो । विद्यालयसंग सम्बन्धित बेरुजुको बेरुजुको प्रकृति अनुसार फछ्र्यौट गरी सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्ने ।

७. राष्ट्रपति रनिङ शिल्ड तथा नगर प्रमुख कप सञ्चालन उपयुक्त समयमा सञ्चालन गर्ने ।

८. बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

2066/11/06

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत